भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०८/१२

आ.व. २०७७।०७८ बाट यस भिमाद नगरपालिकामा गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन हुदै आएको छ। सो कार्यक्रम सञ्चालनको लागि लघु उद्यम विकास सहजकर्ता करारमा पदपूर्ती गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेको ईच्छुक नेपाली नागरिकले १५(पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित आवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

| विज्ञापन नं. | पद | तह | आवश्यक सङ्ख्या | करार अवधि |
|---|---|---|---|---|
| ०९-२०७९/०८० | उद्यम विकास सहजकर्ता | सहायक चौथो | १ (एक) | २०८० असार मसान्त सम्म |

१. आवश्यक न्युनतम योग्यता :-

क) शैक्षिक योग्यता:- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) वाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यताप्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको।

ख) आधारभुत कम्प्युटर सिप तालिम लिएको।

ग) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० ननाघेको।

घ) करार सेवाको लागि कुनै कानूनले अयोग्य नठहरिएको।

२. दरखास्त प्राप्त हुने र पेश गर्ने स्थान :- भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय, तनहुँ।

३. दरखास्त दिने अन्तिम मिति :-२०७९ साल मंसिर २६ गते कार्यालय समय भित्र।

४. आवेदन दस्तुर :- रु.४००।-

५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशित गरी अन्तरवार्ता।

६. सेवा सुविधा :- नियमानुसार।

७. सम्पादन गर्नुपर्ने कार्य:- गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा भएको व्यवस्था बमोजिम।

८. कार्यक्षेत्र :- भिमाद नगरपालिका, तनहुँ।

९. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :- आवेदक स्वयमले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरेका तपशिल बमोजिमका कागजातका प्रतिलिपीहरुः-

क) नेपाली नागरिकताको प्रमाणपत्र ,

ख) न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क र चारित्रिक प्रमाणपत्र,

ग) अनुभव भए सो खुल्ने कागजात,

घ) दुई प्रति पासपोर्ट साइजको फोटो ।

नोटः दरखास्त संलग्न कागजात कार्यालयको ईमेल ठेगाना bhimadmunicipality@gmail.com मा पठाउन सकिनेछ साथै परिक्षा शुल्क एन.आई.सि. एसिया बैंक, भिमाद शाखामा रहेको भिमाद नगर कार्यपालिकाको आन्तरिक राजश्व खाता नं.१०७२०५७५००६४९००३ मा दाखिला गरेको बैंक भौचर समेत समावेश गर्नु पर्नछ।

२०७९।८।१२

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत